**मिति २०७५ चैत्र २६ गते बसेको कार्यपालिका बैठकमा पेश भएका एजेण्डाहरु**

१. कल्भर्टका योजना सम्बन्धमा ।

२. हात्ती पाईले रोग बिरुद्धको अभियानमा नपुग रकम सम्बन्धमा ।

३. शैक्षिक क्यालेन्डर र बिद्यार्थी भर्ना अभियान सम्बन्धमा ।

४. कल्भर्टमा नपुग रकम सम्बन्धमा ।

## निर्णय नं. १

गोदावरी नगरपालिकाको दोस्रो नगर सभाबाट चालु आ.व. ०७५/७६ का लागी स्वीकृत वार्षिक कार्यक्रम अनुसार खण्ड ४ अनुसूची १ को पूर्वाधार विकास कार्यक्रम अन्तर्गत बुँदा नं. ३ कल्भर्ट शिर्षकमा रु.६०,००,०००।- रकम विनियोजन भएकोमा सोही शिर्षकबाट दायित्व ब्यहोर्ने गरि चाल आ.व.का लागी वडाबाट रकम विनियोजन भएका र रकम अभावका कारण सम्पन्न हुन नसेकेका योजनाहरु तथा नया कल्भर्टका लागी माँग भई आएका तपसिल बमोजिमका योजनाहरुमा देहाय बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो । साथै उक्त शिर्षकबाट बाँकी रहेको रकम गत विगत तथा चालु आ.व.मा रकम अभावका कारण सम्पन्न हुन नसकेका योजनामा बस्तुस्थितीको आकल गरि रकम विनियोजन गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय समेत गरियो ।

| क्र.सं. | योजनाको नाम | ठेगाना | विनियोजित रकम |
|---|---|---|---|
| १ | खैराना भम्का खोलामा कल्भर्ट | वा.नं. ४ | ३१,५०,०००।- |
| २ | सिम्री टोलको ब्यूरी खोलाको मल्लो बाटोमा कल्भर्ट निर्माणका लागी क्षेत्रीय शहरी विकास आयोजना अन्तर्गतको कार्यक्रमबाट रु. ४,५०,०००।- सहित बाँकी रकम कल्भर्ट शिर्षकबाट | वा.नं. १० | प्राविधिक लागत अनुसार |
| | **रकम थप गर्नुपर्ने योजनाहरु** | | |
| ३ | शेर बहादुर बलायरको घर नजिक कल्भर्ट निर्माण | वा.नं. ९ | १,९०,०००।- |
| ४ | रामनाथ चौधरीको घर नजिक कल्भर्ट निर्माण | वा.नं. ९ | २,००,०००।- |
| ५ | बुधीराम चौधरीको घर नजिक कल्भर्ट निर्माण | वा.नं. ९ | २,९०,०००।- |
| ६ | गुन्द्री बजार देखी तल रिङ्ग रोड कल्भर्ट निर्माण | वा.नं. ९ | ५,३३,७११।- |

## निर्णय नं. २

गोदावरी नगरपालिकाका सबै वडाहरुमा मिति २०७५/११/१५ गते देखि हात्तिपाईले रोग बिरुद्धको आम औषधी सेवन सशर्त तर्फको कार्यक्रमबाट संचालन भएकोमा यस नगरपालिकामा जनसंख्या बढी भएका कारण तोकिएको समयमा घरभेट कार्यक्रमद्धारा औषधी सेवन गराउन समय अभाव भएकोले केही दिनको समय थपी

उक्त कार्यक्रममा खटिने स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य तर्फका कर्मचारी र अन्य कर्मचारीहरुको पारिश्रमिकका लागी यस कार्यालयको मिति २०७५/११/२२ गतेको निर्णय अनुसार अपुग रकम रु. १,२६,०००।- थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

गोदावरी नगरपालिकामा गत विगतमा संचालन हुँदै आएको भर्ना अभियान र शैक्षिक क्लालेण्डर शैक्षिक सत्र २०७६ का लागी वार्षिक कार्यक्रममा नपरेको हुँदा यस कार्यालयको मिति २०७५/१२/२४ गतेको निर्णय अनुसार अति आवश्यक भएकोले संचालन गर्नु पर्ने भएको हुँदा देहाय बमोजिमको रकम विनियोजन गरि कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रमको नाम | बजेट |
|---|---|---|
| १ | क्लालेण्डर निर्माणका लागी | ५०,०००।- |
| २ | भर्ना अभियानका लागी | १,५०,०००।- |

**निर्णय नं. ४**

गोदावरी न.पा. वडा नं. २ को गत आ.व.मा सम्झौता भई कार्यसम्पन्न भई सकेको कमलापती जोशीको घर अगाडी ह्यूमपाईप कल्भर्टमा विनियोजित रकम अपुग भई भुक्तानी दिन बाँकी रकम रु. ७४,०००।- विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।